तिमीहरूमध्ये कसैले पनि पिसाब गर्दा दाहिने हातले आफ्नो गोप्यअंग नसमातोस्, न त शौचपछि दाहिने हातले इस्तिन्जा (पखाल्ने काम) गरोस्, र न त भाँडा (मा पानी पिउँदा) भाँडोभित्र सास फेरोस्।

अबू-कतादह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "तिमीहरूमध्ये कसैले पनि पिसाब गर्दा दाहिने हातले आफ्नो गोप्यअंग नसमातोस्, न त शौचपछि दाहिने हातले इस्तिन्जा (पखाल्ने काम) गरोस्, र न त भाँडा (मा
पानी पिउँदा) भाँडोभित्र सास फेरोस्।" [सही] [मुत्तफकुन अलैहि]

यस हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले केही शिष्टाचारहरू बारे बताउनुभएको छ; पिसाब गर्दा दाहिने हातले गुप्ताङ्ग समात्न र दाहिने हातले (शौचपछि) मलद्वार वा मूत्रमार्ग सफा गर्न निषेध गरिएको छ, किनभने दाहिने हातलाई सम्मानजनक र पवित्र कामहरूका लागि बनाइएको छ। त्यसैगरी, मानिसले जुन भाँडोबाट पानी आदि पिउँछ, सोही भाँडोभित्र सास फेर्न पनि निषेध गरिएको छ।

http://sunnah.global/hadeeth/ne/show/3079